# विरुवा गाउँपालिकाको ११ औँ गाउँसभा बैठकमा उपाध्यक्ष श्री भगवती शर्मा ले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९।०८० को

# बजेट वक्तव्य

विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
स्याङ्जा, गण्डकी प्रदेश
२०७९ साल असार १०

# बजेट बक्तव्य

विरुवा गाउँपालिकाका उपाध्यक्ष श्री भगवती शर्माज्यूले २०७९/०३/१० गते गाउँपालिकाको एघारौ गाउँ सभामा पेश गर्नु भएको बजेट बक्तव्य

**यस सभाका अध्यक्ष ज्यू,**
**सभाका सदस्यज्यूहरू,**
**गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य राष्ट्रसेवक कर्मचारीहरू ।**

१. नेपालको संविधान धारा २३० बमोजिम विरुवा गाउँ कार्यपालिकाले आर्थिक वर्षको राजश्व र व्ययको अनुमान गाउँ सभामा पेश गर्ने व्यवस्था भए बमोजिम यस विरुवा गाउँपालिकाको उपाध्यक्षको हैसियतले एघारौ गाउँ सभामा आगामी आर्थिक वर्ष ०७९/८० को लागि बजेट प्रस्तुत गरिरहँदा गौरवको महसुस गरेको छु । यस महत्वपुर्ण अबसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण महान सहिदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणीय व्यक्तित्वहरुमा भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपुर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका यस विरुवावासी जनता र राजनीतिक नेतृत्व प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

२. संघियता पछि विरुवा गाउँपालिकाको दोस्रो निर्वाचन निष्पक्ष,स्वतन्त्र,शान्तिपूर्ण, स्वच्छ र भयरहित बातवरणमा सम्पन्न भएको छ । सो को लागि संघिय सरकारलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहान्छु । संघियता पछिको दोस्रो निर्वाचनमा अमुल्य मत प्रदान गरि विजय गराउनुहुने सम्पूर्ण जनसमुदायमा र निर्वाचन निष्पक्ष,स्वतन्त्र,शान्तिपूर्ण, स्वच्छ र भयरहित बनाउन अहोरात्र खट्नुहुने निर्वाचन आयोग, राष्ट्र सेवक कर्मचारी, सुरक्षाकर्मि, पत्रकार, यस प्रक्रियामा संलग्न सबै राजनितिक दलहरु र विरुवाबासि सबै जनसमुदायमा हार्दिक आभार व्यक्त गर्दछु ।

३. यस विरुवा गाउँपालिकाले यस अघि ४ आर्थिक वर्षको बजेट तर्जुमा गरी पुर्ण रुपमा कार्यान्वयन भईसकेको र चालु आ.व.को बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको छ । यस अवस्था सम्म आईपुग्दा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यबाट श्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला तयार भएको छ । नेपाल सरकारको राष्ट्रिय आकंक्षा **"समृद्ध नेपाल, सुखी नेपाली"** हासिल गर्ने मार्गमा दृढताका साथ अघि बढेको अवस्थामा विरुवा गाउँपालिकाले समेत सामाजिक न्याय सहितको तीव्र विकास, सुशासन सहितको जनउत्तरदायी स्थानीय सरकार र सभ्य, सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्र तथा समाजवाद उन्मुख स्थानीय अर्थव्यवस्था निर्माणका लागि विरुवा गाउँ कार्यपालिका प्रतिवद्ध छ ।

४. गण्डकी प्रदेशमा अवस्थित यस विरूवा गाउँपालिका प्राकृतिक श्रोत साधन, कृषि तथा पशुजन्य विकास, पर्यटनको विकासमा अद्वीतिय सम्भावना रहेको गाउँपालिका हो । सोही अनुरुप विरुवा गाउँपालिकाका जनताको जीवनस्तर बृद्धि र यस गाउँपालिका अन्तर्गत रहेका श्रोत साधनको अधिकतम तथा दिगो परिचालन तथा उपलब्ध अन्य अवसर र सम्भावनाहरुको उपयोग गरी पुर्वाधार विकासका साथसाथै आर्थिक सामाजिक विकासको निम्ति आधारशीला तयार भएको छ । चालु आर्थिक वर्षको विरुवा गाउँपालकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट सुशासन, विकास

र समृद्धिको आधारशिला निर्माण तथा विरुवावासीको जीवनस्तरमा त्यसको सकरात्मक प्रतिफल देखिन थालेको छ । स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गरी गरिवी, विपन्नता, निरक्षरता र पछौटेपनको अन्त्य गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ । विरुवा गाउँपालिका अन्तर्गत आधारभूत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको प्रत्याभूति सुनिश्चित हुँदै गएको छ ।

५. अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य आधार तथा विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

६. नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोही शिलशिलामा केन्द्रमा रहेका अधिकार स्थानीय सरकारहरूमा हस्तान्तरण भईरहेको विद्यमान अवस्था छ । स्थानीय सरकारहरूको गठन पश्चात प्रत्येक वर्ष आषाढ १० गते भित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमरू आ-आफ्नो सभामा पेश गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

७. आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूलाई विषयगत समितिको बैठकमा समेत छलफल भई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्यपूर्व गाउँपालिकाले संघ तथा प्रदेश सरकारबाट यस गाउँपालिकाको लागी समानीकरण, सशर्त, विशेष,समपुरक, राजश्व बाँडफाँड अनुदानमार्फत आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघ तथा प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल सिलिङ निर्धारण गरेको छ । गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत क्षेत्र समूहहरूको गठन गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिहरू तथा समूहरूमा छलफल गरी प्राप्त सुझावहरुलाई समेत समेटी बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट पारित भई छलफलका लागि आजको यस गरिमामय सभामा पेश गरिएको छ ।

८. आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार पार्दा निम्नानुसारका कानून/ नीति तथा दस्ताबेजहरूको सहयोग लिइएको छ ।

- नेपालको संविधान
- नेपाल सरकारको पन्ध्रौं योजना( २०७६/७७-२०८०/८१) को आधारपत्र
- विरुवा गाउँपालिकाको एकीकृत विकास योजना
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- विरुवा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६

- स्थानीय तहको वार्षिक योजना, बजेट तर्जूमा दिग्दर्शन, (परिमार्जित)
- नेपाल सरकारको आर्थिक वर्ष ०७९/८० को वार्षिक नीति तथा कार्यक्रम
- नेपाल सरकारको आर्थिक वर्ष०७९/८० को बजेट वक्तव्य
- गण्डकी प्रदेशको वार्षिक नीति तथा कार्यक्रम
- गण्डकी प्रदेशको वजेट वक्तव्य
- विरुवा गाउँपालिकाको आर्थिक वर्ष ०७९/८० को नीति तथा कार्यक्रम
- नेपाल सरकारले बेला बेला गरेका नीतिगत निर्णयहरू
- आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६
- आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७
- सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५
- दीगो विकास लक्ष्यहरू
- बजेट तर्जूमा सम्बन्धी प्रचलित नेपाल कानूनका सान्दर्भिक दफा तथा नियमहरू।
- नेपाल सरकारले अन्तराष्ट्रिय स्तरमा जनाएका प्रतिवद्धताहरु।

९. अब म यस आ.व. सकिदै लाग्दा यस आ.ब.को बजेट कार्यान्वयनको बारे विवेचना गर्न चाहान्छु। २ वर्ष सम्म विश्वव्यपी रुपमा फैलिएको कोभिड-१९ कारण सबै मुलुकहरुको अर्थतन्त्र सहित विश्व अर्थतन्त्र संकुचित हुन पुग्यो। विश्व व्यापार र आर्थिक गतिविधमा आएको शिथिलता र रोजगारीक अवसरहरु न्यून हुन पुगे। रोजगारि र आयमा कमि आए सगै गरिबी र असमानता बृद्धि भई कम आय भएका मानिसहरुको दैनिक जीवन यापन कष्टकर हुन पुग्यो।कोभिड- १९ को माहामारीबाट आक्रान्त भई रहेको विश्व अर्थतन्त्र खोपको उपलब्धता सगै आर्थिक –सामाजिक गतिविधि सामान्य बन्दै गएका छन्। आगामि दिनमा कोभिड-१९ को प्रभाव अर्थतन्त्रमा कम हुदै जाने पूर्वानुमान रहेता पनी पेट्रोलियम पर्दाथको मुल्य थप बृद्धि हुनसक्ने अनुमानको आधारमा विश्व अर्थतन्त्र ३.६ प्रतिशतले मात्र विस्तार हुने प्रक्षेपण अन्तराष्ट्रिय मुद्रा कोषले गरेको छ।कोभिड- १९ माहामारीको प्रभाब क्रमश न्यून हुदै गएको र उर्जा क्षेत्रमा उत्साहप्रद विस्तार हुदा नेपालको अर्थतन्त्र २०७८/२०७९ मा ५.८४ प्रतिशतले विस्तार हुने अनुमान तथा प्रक्षेपण संघीय अर्थ मन्त्रालयले गरेको छ।

१०. विरुवा गाउँपालिकाले चालु आ.व.मा गाउँपालिकाको मुख्य प्रशासकीय भवन निर्माण सम्पन्न हुने क्रममा रहेको छ। यो भवन सम्पन्नता पश्चात सेवा प्रवाह थप सरलीकृत तथा चुस्तदुरुस्त हुने देखिन्छ। यस आर्थिक वर्षमा विरुवा गाउँ कार्यपालिका र अन्तर्गतका वडा कार्यालयका काम कार्बाहीलाई सुचना प्रविधि मैत्री बनाउने कार्यमा अत्यन्तै सफलता प्राप्त भएको छ। सम्पुर्ण वडामा ईन्टरनेटको पहुँचको व्यवस्था मिलाई व्यक्तिगत घटनादर्ता प्रणालीलाई पुर्णतया अनलाईन मा आधारित गराईएको छ। भने पुरानो घटना दर्ता डिजिटाईजेसनको कार्य सम्पन्न भएको छ। आन्तरिक कर संकलन कार्यको निम्ति पुर्ण रुपले अनलाईन वेब बेसमा आधारित सफ्टवेयर जडान गरी सम्बन्धित कर्मचारीलाई तालिम समेत प्रदान गरी सञ्चालनमा ल्याईएको छ। लेखा प्रणालीलाई नेपाल सरकार मन्त्रीपरिषद निर्णयअनुसार वेब बेसमा आधारित सुत्र प्रणाली मार्फत सञ्चालन गरिएको छ ।

११. यस गाउँपालिका अन्तर्गत आधारभुत शिक्षा, प्राथमिक स्वास्थ्य सेवाको सुनिश्चितताको निम्ति यथेष्ठ कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ। कक्षा ८ को अन्तिम परिक्षा पालिका स्तरवाट संचालन भएको छ। यस आ.व.मा अधिकांश

बजेट पुर्वाधार निर्माण कार्यमा विनियोजन गरेको तथा जनताका आकंक्षा समेत पुर्वाधार तर्फ सडक निर्माणमा रहेकोले ठूलो आकारको बजेट स्थानीय पुर्वाधार सडक निर्माण कार्यमा खर्च भएको छ ।

१२. पशु तथा कृषि विकास सम्बन्धि कार्यक्रमहरु, एक वडा एक नमुना कृषि कार्यक्रम, उपाध्यक्ष महिला उद्धमशील कृषि कार्यक्रम, युवा सीप विकास तथा रोजगार प्रर्बर्द्धन कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा ल्याई रोजगारी सृजना गरिएको छ ।

१३. पर्यटनको विकास गरी यस गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न योजना सञ्चालनमा ल्याईएको छ । यसै गाउँपालिकाको पर्यटकीय सम्भावना भएको मनकामना मन्दिर नजिकै गहते मनकामना र सपाउदे होमस्टे सञ्चालनमा ल्याईएको छ ।

१४. यस आ.व.मा दलित, जनजाती, महिला लक्षित कार्यक्रम सञ्चालनमा ल्याईएको छ । अति विपन्न परिवारको निम्ति विद्युतीय विस्तार कार्यक्रम सञ्चालनमा ल्याइ प्रत्येक घरमा विद्युत आपुर्तिको व्यवस्था मिलाउन कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ ।

**अध्यक्ष महोदय,**

१५. अब म आर्थिक बर्ष २०७९/८० को बजेटका उदेश्य तथा प्राथामिकताहरु यस सभा समक्ष पेश गर्दछु ।

**बजेटका उदेश्यहरुः**

क. स्वास्थ्य, शिक्षा, यातायात, वातावरण संरक्षण लगायतका नागरिकका मौलिक हकहरुको परिपुर्ति गर्दै विरुवा गाउँपालिका बासिको जिवन स्तरमा गुणात्मक सुधार ल्याउने ।

ख. गाउँपालिकामा उपलब्ध सिमित स्रोत, साधन, जनशक्ति तथा क्षमताको अधिक्तम सदुपयोग गर्दै सामाजिक न्याय सहितको समतामुलक समाजको निर्माण गर्ने ।

ग. आधारभुत भौतिक, सामाजिक तथा आर्थिक पूर्वाधारहरुको विकास गरि "**समृद्ध विरुवा सुखि विरुवाबासी**" को लक्ष्य हासिल गर्ने ।

**बजेटका उदेश्यहरु हासिल गर्ने तपशिलका बमोजिम प्राथामिकताहरु निर्धारण गरेको छु ।**

क. व्यक्तिगत कृषक, कृषक समुह तथा सहकारीहरुको परिचालन मार्फत कृर्षिको व्यावसायिकरण गरि कृषि जन्य उत्पादनमा आत्मनिर्भर वनाउने ।

ख. युवा परिचालन, उद्यमशिलताको विकास, साझेदारी तथा स्वरोजगारका कार्यक्रम मार्फत रोजगारि अभिबृद्धि गर्ने ।

ग. गाउँपालिकालाई जिल्ला सदरमुकाम जोड्ने र गाउँपालिकालाई वडा कार्यलयसंग जोड्ने रणनीतिक महत्वका सडक पूर्वाधारको बिस्तार र संरक्षण गर्ने ।

घ. स्वास्थ्य संस्थाहरुको स्थापना, स्तरोन्नती, पूर्वाधार विकास र आवश्यक जनशक्तिको व्यवस्था गरि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।

ङ. विद्यालयहरुको भौतिक पुर्वाधारको सुधार, प्रविधिमैत्री शिक्षण सिकाईको पर्वद्धन तथा निरन्तर अनुगमन निरीक्षण मार्फत गुणस्तरीय शिक्षाको प्रदान गर्ने ।

च. सार्वजनिक सेवा प्रवाहको लागि आवश्यक भौतिक पूर्वाधार, सुचना प्रविधि र तालिमको व्यवस्था गरि सार्वजनिक सेवालाई छिटो, छरितो ,गुणस्तरीय र पारदर्शि वनाई सुशासन पर्वद्धन गर्ने ।

छ. समाजमा वञ्चितिकरणमा परेका वर्ग क्षेत्र र समुदायलाई सम्बोधन हुने गरि सामाजिक सुरक्षा तथा पुर्वाधारहरु विकास गरि गरिवि निवारणमा सहयोग पुर्याउने ।

ज. सडक, खानेपानी,पुल, भवन जस्ता पुर्वाधारहरुको निर्माण गरी आर्थिक विकास र समृद्धि हासिल गर्ने ।

**अध्यक्ष महोदय,**

१६. अब म चालु आर्थिक बर्ष २०७८/७९ को अन्त्यसम्ममा हुने आय व्ययको अनुमानित विवरण पेश गर्न अनुमति चाहान्छु । चालु आर्थिक वर्षमा नेपाल सरकार सशर्त अनुदान तर्फ रु **२० करोड** ०४ लाख प्राप्त हुने अनुमान गरिएकोमा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रममा बृद्धि भई रु **२१ करोड ८३ लाख ३१ हजार** प्राप्त हुने संशोधित अनुमान रहेको छ । चालु आर्थिक वर्षमा गत आर्थिक बर्षबाट खर्च नभई हस्तान्नतरण भएको रकम रु **२ करोड ५०** लाख प्राप्त हुने अनुमान गरिएकोमा उक्त रकम बृद्धि भई रु **५ करोड ९४ लाख २० हजार** प्राप्त हुने संशोधित अनुमान रहेको छ ।त्यस्तै नेपाल सरकार समानीकरण अनुदान तर्फ **९ करोड १० लाख**, संघीय सरकार राजश्व बाँडफाँड तर्फ **६ करोड २४ लाख ९६ हजार**, गण्डकी प्रदेश प्रदेश समानीकरण अनुदान तर्फ **१ करोड ०१ लाख ०९ हजार**, गण्डकी प्रदेश प्रदेश सवारी साधन कर बाँडफाँड तर्फ **३६ लाख ६३ हजार** , संघिय समपूरक अनुदान तर्फ ४६ **लाख**, गण्डकी प्रदेश समपुरक अनुदान तर्फ **१ करोड** प्राप्त हुने अनुमान गरेकोमा सोही अनुसार अनुदानहरु प्राप्त भई रहेता पनि विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस COVID-19 को महामारी लगायतका कारणले गर्दा विश्व अर्थतन्त्रनै धरासायी हुन पुगेको अवस्थामा नेपाल सरकारवाट प्राप्त हुने राजश्व वाडँफाड तर्फको रकम ०७९ जेठ मसान्त सम्ममा रु. **५ करोड २० लाख ८२ हजार** मात्र प्राप्त भएकोले अनुमान गरे अनुसारको सवै रकम प्राप्त हुने अवस्था देखिदैन । यस वाट गाउँपालिकाले तय गरेका योजना तथा कार्यक्रम प्रभावित हुने देखिन्छ ।

१७. त्यस्तै गरी जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रमको लागि **१२ करोड २० लाख २४ हजार**, गरिव सँग विश्वेश्वर कार्यक्रमको लागि ४ **लाख ६४ हजार** अनुदानहरु प्राप्त भएका छन । यसरी अन्य अनुदान तर्फ कुल **१२ करोड २४ लाख ८८ हजार** रकम प्राप्त भएको छ ।

१८. चालु आ.व. मा आन्तरिक आम्दानी तर्फ **रु . ७५ लाख** प्राप्त हुने अनुमान गरिएकोमा २०७९ जेठ मसान्त सम्म **रु ५१ लाख ७१ हजार** मात्र संकलन भएको र असार मसान्त सम्म आन्तरिक आम्दानि संकलनको लक्ष्य हासिल गरि **रु. ७५ लाख** नै संकलन हुने अपेक्षा रहेको छ । गत आर्थिक वर्षको अल्या तर्फ **२ करोड ५० लाख** बचत हुने प्रारम्भिक अनुमान गरिएकोमा कुल **५ करोड ९४ लाख २० हजार** बचत भएको छ । गत आर्थिक वर्षको अल्या बचतमा बृद्धि भएको रकमबाट चालु आर्थिक बर्षको संघ राजश्व वाँडफाडमा निकासा कम हुने अवस्था देखिएकोले अल्या बचत रकमबाट राजश्ववाँडफाड शिर्षकमा विनियोजित योजना तथा कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु । सम्पुर्ण प्राप्त अनुदानहरु, आन्तरिक आम्दानी तथा गत वर्षको अल्या बचत रकम गरी चालु आर्थिक बर्षमा विरुवा गाउँपालिकाको कुल बजेट रु. **४८ करोड ७० लाख १९ हजार** कायम रहने संशोधित अनुमान रहेको छ ।

१९. अब म यस आर्थिक वर्षमा हुने व्ययको अनुमान पेश गर्न अनुमति चाहान्छु । यस बर्षमा सशर्त अनुदान र अन्य अनुदानमा प्राप्त भएको बजेट अन्तरसरकारी वित्तीय हस्तान्तरण सहित रकम रु **४८ करोड ७० लाख १९ हजार** मध्ये चालु तर्फ **२९ करोड ७० लाख ७९ हजार** र पुजिगत तर्फ **१८ करोड ९९ लाख ४० हजार** बिनियोजन भएकोमा

यस आ.ब. को अन्त्य सम्ममा चालु तर्फ **रु २७ करोड ४० लाख ७९ हजार** खर्च हुने अनुमान रहेको छ । जुन **९२.२५** प्रतिशत हुन आउँछ । त्यस्तै यस आ.ब. को अन्त्य सम्ममा पुजिगत तर्फ रु **१७ करोड ०४ लाख ४० हजार** खर्च हुने सँशोधित अनुमान रहेको छ । जुन विनियोजित रकमको **८९.७३** प्रतिशत हुन आउँछ । त्यस्तै गरी चालु /पुजीगत गरी जम्मा **रु ४४ करोड ४५ लाख १९ हजार** खर्च हुने अनुमान रहेको छ । जुन कुल विनियोजित रकमको **९१.२७** प्रतिशत हुन आउँछ । यसरी चालु पुजिगतमा गरी कुल रकम रु ४ **करोड २५** लाख बचत हुन आउने प्रारम्भिक अनुमान रहेको छ । विश्वभरी महामारीको रुपमा फैलिइरहेको कोरोना भाईरस COVID-19 को कारणले समयमा योजना तथा कार्यक्रम संचालन हुन नसकी विभिन्न शिर्षकमा विनियोजित रकम खर्च हुन नसक्दा, दरबन्दी अनुसारका कर्मचारी नहुँदा सो रकम बचत हुने अनुमान गरिएको हो । यसरी बचत रकम यसै गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० का योजना तथा कार्यक्रममा विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

२०. चालु आ.व.मा संघिय सरकारको समपुरक अनुदान रु. **४६ लाख** र गाउपलिकाको **रु. ५० लाख** गरि **रु. ९६ लाख**को ८ नं वडा कार्यालय भवन निर्माण कार्य भईरहेको छ । प्रदेश समपुरक अनुदानको रु. **१ करोड** र गाउँपालिकाको रु. **१ करोड** गरि रु. **२ करोड**को बजेटमा भञ्याङ्ग बाहु विरुवा सडकको निर्माण कार्य सम्पन्न भएको छ । संघिय विशेष अनुदानको विरुवा वृहत खानेपानी योजनाको **रु. ३ करोड** लागत अनुमान भई ठेक्का प्रक्रिया सम्पन्न भई सम्झौता भई निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

**<u>अध्यक्ष महोदय,</u>**

२१. अव म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७९/८० को लागि अनुमानित आय व्यय पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट रू. **४९ करोड ०३ लाख** कायम हुने प्रारम्भिक अनुमान छ । जस मध्ये नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान तर्फ **९ करोड ६४ लाख**, नेपाल सरकारबाट सशर्त अनुदान तर्फ **२२ करोड ०६ लाख**, संघीय राजश्व बाँडफाँड तर्फ **७ करोड ५७ लाख ०७ हजार**, प्रदेश वित्तीय समानीकरण अनुदान तर्फ **१ करोड ०६ लाख ९७ हजार**, प्रदेश राजश्व बाँडफाँड तर्फ ४३ **लाख ९६ हजार**, प्रदेश समपुरक अनुदान तर्फ **रु.७० लाख**, प्रदेश शशर्त **रु ५० लाख**, संघ विशेश अनुदान तर्फ **रु १ करोड** र संघ समपुरक तर्फ **रु ९० लाख** यस आ.व. मा बचत ४ **करोड २५ लाख** र आन्तरिक आयश्रोत तर्फ **९० लाख** रकम प्राप्त हुने अनुमान गरिएको छ । झट्ट हेर्दा आन्तरिक आयश्रोतको प्रक्षेपण केही महत्त्वाकांक्षी देखिएतापनि यसलाई सार्थक बनाउन सबै गाउँपालिकाबासी लाई हार्दिक अनुरोध गर्दछु । साथै आगामि आ.व.देखी आन्तरिक आयमा वृद्धि गराउने उदेश्यले घर नक्सा पास अनिवार्य रुपमा कार्यन्वयन गर्ने प्रस्ताव पेश गरेको छु । आन्तरिक आयश्रोत तर्फका करका दरहरू छुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु । आगामि आ. व. को लागि प्रदेश सरकार बाट प्राप्त हुने विषेश अनुदान प्राप्त नभएकोले माथि अनुमानित कुल बजेट बृद्धि हुने अपेक्षा गरेको छु ।

२२. आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ कूल **रु. ३१ करोड ४७ लाख ८० हजार** प्रस्ताव गरेको छु । यस मध्येबाट गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण कर्मचारीहरूको तलब भत्ता तथा कार्यालय सञ्चालन खर्च प्रस्ताव गरिएको छ । चालू खर्च तर्फ नै जनप्रतिनिधीहरूको लागि तलब भत्ता समेत प्रस्ताव गरिएको छ । कर्मचारी तलब भत्ता तर्फ संघिय सरकारले बृद्धि गरेको १५ प्रतिशतका दरले बृद्धि गरेको छु ।

२३. आगामी आर्थिक वर्षका लागि पुँजीगत खर्च तर्फ आर्थिक विकास क्षेत्रमा २२ **प्रतिशत**, सामाजिक विकास क्षेत्रमा **३० प्रतिशत**, भौतिक पुर्वाधार विकास क्षेत्रमा **३५ प्रतिशत**, वन वातावरण तथा विपद व्यव्यस्थापन ८ प्रतिशत , संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रमा **५ प्रतिशत** गरी कुल **रु. १७ करोड ५५ लाख २० हजार** रकम विनियोजन गरेको छु ।

२४. आगामी आर्थिक वर्षमा थुप्रै योजनाहरू संघ र प्रदेशको सहकार्यमा सम्पन्न हुनेछन् । त्यस्ता ठूला खालका योजनाहरूमा संघ/ प्रदेश तथा स्थानीय तहको लागत साझेदारी रहने छ । लागत साझेदारीका आयोजनाहरू सम्पन्न गर्नका लागि छुट्टै समपूरक कोषमा **रू १ करोड ५० लाख** बजेट प्रस्ताव गरेको छु ।

२५. गाउँपालिकाको योजना निर्माण प्रकृयालाई विकेन्द्रीत तथा वडाहरूलाई समेत विकास योजनाहरू छनौट गर्न स्वायत्तता मिलोस भनी प्रत्येक वडालाई न्युनतम **रू. ४० लाख देखी अधिकतम रु ४५ लाख**का दरले आयोजना तथा कार्यक्रम छनौट गर्ने व्यवस्था मिलाईएको छ । ती आयोजना तथा कार्यक्रमहरूको लागि कूल **रु. ३ करोड ४० लाख** बजेट विनियोजन गरेको छु । प्रत्येक वडालाई उपलब्ध भएको श्रोत सुनिश्चितताबाट प्राप्त आयोजनालाई हुबहू योजना पुस्तिकामा प्रस्ताव गरि अनुसुचिमा संलग्न गरेको छु ।

**योजनाबद्ध विकास**

२६. आयोजनाको आवश्यकता, महत्व र त्यसबाट प्राप्त हुने उपलब्धिको आधारमा योजनाहरुको प्रथामिकता निर्धारण गरि सोको आधारमा बजेट व्यववस्था र कार्यान्वयनको लागि आवधिक योजना तथा विषय क्षेत्रगत योजना निर्माण गरि योजनाबद्ध, मापनयोग्य, सूचकमा आधारीत विकास गर्ने नीति अनुरुप बिरुवा गाउँपालिकाको आवधिक योजना निर्माणका लागि **रु २० लाख** तथा गाउँपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, उत्पादन, उत्पादकत्व लगायतका सबै तथाङ्कहरु संकलन, तथाङ्कमा आधारीत विकास र कार्य सम्पादनको लागि गाउँपालिकाको प्रोफाईल निर्माणका लागि **रु २० लाख** बजेटको व्यावस्था गरेको छु ।

**भवन पूर्वाधार**

२७. आगामि आर्थिक बर्षमा गाउँपालिकाको प्रसाशकिय भवन निर्माण सम्पन्न गर्ने गरि **रु. १ करोड ३५ लाख** बजेट विनियोजन गरेको छु । ४ नं वडा कार्यालय निर्माण सम्पन्न हुने गरि बजेट व्यवस्था गरेको छु । साथै **वडा नं. १, ३ र ८ को वडा कार्यालय भवन** निर्माणको लागि **रु. ८० लाख** बजेट विनियोजन गरेको छु ।

**सडक पूर्वाधार**

२८. **राङखोला धोवादी बिरुवा सडक** लाई **पालिका सदरमुकाम र जिल्ला प्रदेश सदरमुकाम जोड्ने प्रथम प्राथामिकताको सडक** को रुपमा विकास गर्ने निति अनुरुप सो सडकको स्तरउन्नतीका लागि प्रदेश शर्शत अनुदानमा **रु ५० लाख र** गाउँपालिका बाट **रु ५० लाग गरि जम्मा रु. १ करोड** बजेट व्यवस्था गरेको छु ।

साथै गाउँपालिकाको केन्द्रबाट वडा कार्यालय जोड्ने गाउँपालिकाका रणनीतिक सडकहरु पहिचान गरी बाह्रै महिना यातायात संचालन गर्न **खाली बिरुवा सडकका लागि रु ३० लाख, ललाङ तर्ले कुसुमभन्ज्याङ सडकका लागि रु २५ लाख, बेलघारी मेथाभुरुङ एलादी रत्ने सडकका लागि रु २५ लाख, बिरुवा शिखरशिहं दह सडक स्तरोन्नतीका लागि रु २० लाख, ज्याग्दीखोला करिडोर स्तरोन्नतीका लागि रु १० लाख** बिनियोजन गरेको छु ।

साथै वडा कार्यालयबाट कम्तिमा १ वटा **वडाको रणनीतिक सडक** छनौट गरी प्रत्येक रणनीतिक सडकका लागि कम्तिमा **रु ५ लाख** बजेट बिनियोजन गर्ने व्यवस्था मिलाएको छु । साथै अन्य सहायक सडक निर्माण, विस्तार तथा स्तरउन्नतिको निम्ति आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

२९. **जनताको योजना जनताकै साझेदारी** विरुवा गाउँपालिका वजार उन्मूख बस्तिहरु जस्तै विरुवा बजार चिन्नेबास, मेथाभुरुङ, कुसुमभञ्याङका भित्री सडक गाउँपालिकाको ५० प्रतिशत र सम्बन्धित उपभोक्ताको ५० प्रतिशत साझेदारीमा ढलान कार्यक्रम संचालन गर्न आवस्यक बजेटको व्यवस्था गरेको छु ।

**उर्जा**

३०. सामुदायिक विद्युतिकरणलाई राष्ट्रिय विद्युत प्रशारणमा लाने नीति साथ अगाडि बढ्दै विरुवा गाउँपालिका अन्तर्गत विद्युतीकरण कार्यक्रमको लागि **रु. १० लाख बजेट** व्यवस्था गरेको छ ।

## कृषि

३१. विरुवा गाउँपालिकाको समग्र विकासका लागि कृषि, पर्यटन र पुर्वाधार क्षेत्रको विकास नै पहिलो शर्त हो । त्यसैले कृषि क्षेत्रको प्रवर्द्धन तथा परम्परागत कृषि प्रणालीमा आधुनिक प्रविधिको प्रयोग गरी कृषि क्षेत्रको विकासमा टेवा पु-याउने कार्यक्रमहरू लागू गर्ने प्रस्ताव गरेको छु । वडा स्तरबाट श्रोत सुनिश्चितता भएका कार्यक्रमहरूलाई निरन्तरताको लागि व्यवस्था गरेको छु । कृषि कार्यक्रम को लागि **रु २० लाख**, उपाध्यक्ष महिला बिकास कार्यक्रमका लागि **रु. १२ लाख** बजेटको प्रवन्ध मिलाएको छु । युवा आय आर्जन कार्यक्रम तर्फ **रु.१० लाख** ,वास्तविक कृषकहरुको पहिचान गरी कृषि उत्पादनलाई थप प्रभावकारी वनाउन कृषक अनुदान मा **रु.२० लाख** ,निशुल्क कृषि विउविजन वितरण, अगुवा कृषक तालिम र अध्यक्ष उत्कृष्ट कृषक पुरस्कारका समेतका लागी **रु. ५ लाख,** हाटबजार संचालनका लागि **रु ५ लाख** र कृषि तथा पशु कार्यक्रम संचालनका लागि संभाब्यता अध्ययन प्रयोजनार्थ **रु १० लाख** वजेटको व्यवस्था मिलाएको छु । साथै पशु औषधी तथा कार्यक्रमको निम्ति आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

## पर्यटन

३२. विरुवा गाउँपालिकामा पर्यटक आगमनलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रमको प्रस्ताव गरेको छु । । वडा नं. ७ को अति महत्वपूर्ण, यस गाउँपालिकाको धार्मिक आस्थाको धरोहर मनकामना मन्दिर, वडा नं ४ को घण्टलेक र वडा नं ५ को दहपोखरी क्षेत्र वृहत्तर विकासको संघिय सरकारबाट बजेट बिनियोजन भई आएको ब्यहोरा जानकारी गराउन चाहान्छु ।

## शिक्षा

३३. विरुवा गाउँपालिकाको शिक्षालाई गुणस्तरीय, प्रर्तिस्पर्धि, व्यावसायिक बजाउन आवस्यक बजेट विनियोजन गरेको छु । यस वर्ष कम्तिमा १० वटा नमुना प्रारम्भक बाल विकास केन्द्र स्थापनाको लागि रु **१५ लाख** बजेट विनियोजन गरेको छु । प्राविधिक शिक्षा सुरुवात गरेको नवज्योति मा.वि मा थप दरवन्दीको लागि संघिय सरकार बाट बजेट विनियोज भई आएको छ ।विरुवा बहुमुखि क्याम्पस, भुरुङचौकी मा. वि. र अन्य विद्यालयहरु लाई आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३४. **हामि बनाउछौं हाम्रो बिद्यालय राम्रो बिद्यालय”** अभियान सञ्चालन गरि सबै गाउँबासिलाइ सामुदायिक बिद्यालयको विकासको लागि जवाफदेहि, जिम्मेवार र उत्प्रेरित गर्न आवास्यक ब्यवस्था गरेको छु।

३५. शिक्षा अत्यन्तै महत्वपुर्ण क्षेत्र हो । माद्यामिक तहसम्मको शिक्षाको व्यवस्थापनको अधिकार तथा कर्तव्य स्थानीय तहको हो । आगामी वर्षमा यस गाउँपालिका अन्तर्गत सम्पुर्ण विद्यालयलाई विद्यालय व्यवस्थापन सुचना प्रणालीमा आवद्द गरी गाउँ कार्यपालिकाको कार्यालयबाट नै नियन्त्रण, अनुगमन, मुल्याङ्कन , तथ्याङ्क प्राप्त गर्ने व्यवस्था मिलाएको छु । गत आ.व.मा प्रारम्भिक बालबिकास कक्षाका सहजकर्ताहरुको प्रोत्साहनको लागि संघिय सरकारले प्रदान गरेको **रु ८ हजार** तलबमानमा **रु ७ हजार** थप गरी न्युनतम पारिश्रमिक सुनिश्चिततालाई निरन्तरता दिईएको छ । आदिवासी जनजातीको वाहुल्यता रहेको यस गाउँपालिका मा उनीहरुको भाषा संस्कृति संरक्षणको निम्ति जनप्रिय पिपलभञ्ज्याङ आ.वि., बाहुँमा मगर भाषा कक्षा सञ्चालनको निरन्तरताको व्यवस्था मिलाएको छु । साथै अन्य विद्यालयको क्षमता वृद्धि तथा शैक्षिक गुणस्तर अभिबृद्धिको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । विद्यालय व्यबस्थापन समिति, प्र.अ. तथा लेखा कर्मचारीलाई तालिमको लागि वजेटको व्यवस्था मिलाएको छु । साथै

विद्यार्थीलाई अतिरिक्त बाह्य क्रियाकलापमा समेत सक्रिय गराउन तथा उत्कृष्ट शिक्षक, बिधार्थी तथा बिधालयलाई प्रोत्साहनका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

**स्वास्थ्य**

३६. यस गाउँपालिका अन्तर्गत सबै स्वास्थ्य चौकीमा अति आवश्यक औषधिहरु को सहज उपलब्धता तथा गाउँपालिका भित्रका सबै स्वास्थ्य चौकीहरुमा आगामि आ.व मा ल्याब स्थापना हुने गरि बजेट विनियोजन गरेको छु । साथै आकष्मिक रुपमा विरामीलाई उच्च स्तरको स्वाश्थ्य केन्द्र मा लैजानको निम्ति एम्वुलेन्स संचालनमा आई सेवा प्रवाह गरिरहेको छ । महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहनका लागि **रु ९ लाख** साथै सरसफाई कार्यक्रमको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

३७. विरुवा गाउँपालिका वडा नं. ६ मा रहेको चिन्नेबास स्वास्थ्य चौकी भवन लाई गाउँपालिका स्तरीय अस्पतालको रुपमा विकास गर्न भवन पूर्वाधार थप र सुधार को लागि संघिय सरकार मार्फत शशर्त अनुदानमा रु. **१ करोड** बजेट व्यवस्था गरेको छु ।

**<u>अध्यक्ष महोदय,</u>**

**महिला बालबालिका जेष्ठ नागरिक**

३८. लक्षित वर्गको क्षमता विकास, सामाजिक उत्थान, समावेशीकरण, लक्षित कार्यक्रमको निम्ति बजेटको व्यवस्था गरेको छु । दलित वर्ग, अशक्त अपाङ्ग, जेष्ठ नागरिक, आदिवासी जनजाती, लैङ्गिक रुपमा पिछडिएको वर्ग, महिला विकास तथा बालबालिका सम्बन्धि कार्यक्रमको निम्ति आवाश्यक बजेटको व्यवस्था मिलाएको छु

३९. दलित, आदिबासी जनजाति, गरिब तथा आर्थिक र सामाजिक रुपले पछाडि परेका युवाहरुलाई सरकारी सेवामा आकर्षित **गरी एक टोल एक सरकारी जागिर कार्यक्रम** संचालन गर्न आवास्यक बजेटको ब्यावस्था गरेको छु ।

४०. जेष्ठ नागरिकका ज्ञान सिप तथा अनुभवहरु नयाँ पुस्तामा पुस्तान्तरण गर्नको लागि त्रैमासिक रुपमा हरेक वडामा **जेष्ठ नागरिक संग एक दिन** कार्यक्रम सञ्चालन गर्न आवस्यक बजेटको ब्यवस्था गरेको छु ।

**युवा तथा खेलकुद**

४१. युवा वर्गमा उद्धमशिलता जागृत गराउनको निम्ति युवा आयआर्जन कार्यक्रम र युवा स्वरोजगार कार्यक्रमको निम्ति आवश्यक बजेट व्यवस्था मिलाएको छु । गत आ.व.देखी सुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्थानीय तहका योजना तथा कार्यक्रममा आबद्ध गर्दै लैजान आवश्यक व्यवस्था मिलाईनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि गाउँपालिकाले साझेदारी गर्न को लागि **रु. ८ लाख** बजेट प्रस्ताव गरेको छु । खेलकुद विकास को निम्ति अध्यक्ष कप खेलकुद तथा राट्रपति रनिङ शिल्ड प्रतियोगिताको निम्ति **रु १५ लाख** बजेट व्यवस्था गरेको छु । विभिन्न खेल मैदान निर्माण र स्तरोन्नतीको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**संस्थागत सुशासन सेवा प्रबाह**

४२. गाउँपालिका लगायत अन्तर्गतका कार्यालयमा कर्मचारी दरबन्दी व्यावस्थापन गर्न यसै आर्थिक बर्षमा O & M Survey गर्न आवस्यक बजेटको ब्यवस्था गरेको छु ।

४३. कार्यालयका काम कार्बाहीलाई सुचना प्रविधिमैत्री बनाई विद्युतिय सुशासन अभिबृद्धि गर्नको निम्ति आवश्यक बजेट व्यबस्था मिलाएको छ।

४४. जनताका गुनासाहरु प्रत्यक्ष रुपमा सम्बोधन गर्ने प्रयोजनको निम्ति जनतासँग जनप्रतिनिधी कार्यक्रम सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाएको छ। साथै योजना संचालनमा सहयोग होस भन्ने उदेश्यले उपभोक्ता समितिलाई तालिमको व्यवस्थाको लागि वजेटको व्यवस्था मिलाएको छ।

**विपद् व्यवस्थापन**

४५. नदिजन्य जल उत्पन्न प्रकोप नियन्त्रणको लागि संघिय सरकार बाट विशेष अनुदानको रुपमा विरुवा गाउँपालिकाका मुख्य खोलाहरु बास्तारा खोला, म्याङ खोला तथा ज्याग्दी खोला नदी नियन्त्रणको लागि **रु १ करोड** बजेट व्यवस्था गरेको छ। प्रकोप व्यवस्थापनको लागि रू **१५ लाख** र आकस्मिक परिस्थितिजन्य निर्माण उद्धारको लागि रू **१५ लाख** बजेटको व्यवस्था मिलाएको छ।

**अध्यक्ष महोदय,**

४६. आगामी आर्थिक वर्षका लागि क्षेत्रगत रुपमा प्रस्तावित आयोजना तथा कार्यक्रमहरूलाई छुट्टाछुट्टै अनुसूचीमा प्रस्तुत गरेको छ। विस्तृत विवरण अनुसूचीहरूबाट लिन सकिनेछ।

**अध्यक्ष महोदय,**

प्रस्तुत बजेट तर्जुमाको लागि मार्ग निर्देशन गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँ र वस्तिहरुमा योजना छनौट गर्न सहयोग पुर्याउने वडा अध्यक्ष ज्यू, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, राजनैतिक दलहरु, नागरिक समाज, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु एवं राष्ट्र सेवक कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु।

प्रस्तुत आर्थिक ऐन तथा बिनियोजन ऐनमा व्यवस्था भएको नीति, कार्यक्रम र बजेटलाई गाउँ सभाबाट पारीत गरी प्रस्तुत बजेटको सफल कार्यान्वियनमा सकारात्मक सहयोग गर्नुहुन सम्पुर्ण गाउँ सभा सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछु। साथै बजेटको सफल कार्यान्वियनको क्रममा आवश्यक सहयोगको लागि राजनैतिक दलहरु, विभिन्न संघ संस्थाहरु, पत्रकार मित्रहरु, सबै क्षेत्रका विशिष्टीकृत महानुभावहरु एवं राष्ट्र सेवक कर्मचारिहरुमा विशेष अनुरोध गर्दछु। धन्यवाद।

भगवती शर्मा
उपाध्यक्ष
२०७९।०३।१०